# आर्थिक विधेयक २०८०

प्रस्तावनाः थाक्रे गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थाक्रे गाउँपालिकाको गाउँ सभाले यो विधयेक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** **यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।**

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि थाक्रे गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति करः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) र त्यसले चर्चेको जग्गामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची १ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गा र घरको मुल्याङ्कन दर तथा घरको ह्रास कट्टीको दर अनुसूची-१ (ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

**३. भूमि कर (मालपोत):**

(१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ। तर दफा (२) बमोजिम सम्पत्ति कर लगाईएको जग्गामा भूमि कर (मालपोत) लगाईने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल करः**

१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. व्यवसाय करः**

(१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची-५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

**७. सवारी साधन करः**

(१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउने छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची- ६ मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन करः**

(१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा ९१० बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची -७ मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन करः**

(१) गाउँपालिकाले प्रदेश कानूनले तोक बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर  अनुसूची-८ मा तोकिए बमोजिम लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्कः**

(१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार वा पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

**११. पार्किङ्ग शुल्कः**

(१) गाउँपालिकाले आफनो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची-१० मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा रयाफ्टिङ्ग शुल्कः**

(१) गाउँपालिकाले आफनो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा रयाफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूची-११ मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सडक मर्मत सुधार सेवा शुल्कः**

(१) गाउँपालिकाले आफुले निर्माण गरेका वा आफुलाई हस्तान्तरण भई आएका सडकहरुमा संचालन हुने सवारी साधनहरुमा अनुसूची- १२ मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. वातावरण तथा सरसफाई शुल्कः**

(१) गाउँपालिकाले आफुले क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरेबापत अनुसूची-१३ मा उल्लेख भए बमोजिमको दरमा वातावरण तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५. सेवा शुल्क तथा सिफारिस प्रमाणित दस्तुरः**

(१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने विभिन्न किसिमका सेवा, सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - १४ मा उल्लिखित दरमा शुल्क तथा दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१६.बिक्री गर्न सक्नेः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य स्थलबाट वातावरणीय प्रभाव मुल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा

एवम् माटोजन्य वस्तुहरु अनुसूची-१५ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरु विक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ ।

**१७. दण्ड जरिवानाः**

(१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना गाउँको वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची-१६ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

**१८. कर छुटः**

(१) यस ऐन बमोजिम बार्षिक रुपमा तिर्नुपर्ने करहरू गाउँसभाले अनुमोदन गरि कर छुट दिन सक्ने छ। अन्यको हकमा यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**१९. कार्यविधि बनाउन सक्नेः**

(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुनेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुनेः**

यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची १ (क)

## (दफा २ को उपदफा (२) संग सम्वन्धित)

## सम्पत्ति करको दर

**न्यूनतम रु १००।- र सो भन्दा माथी निम्नानुसारको सम्पत्ति कर लाग्ने छ ।**

| सम्पत्तिको मुल्याङ्कन | वार्षिक दर |
|---|---|
| पाँच लाख भन्दा कम सम्पत्तिमा | कर नलाग्ने |
| बीस लाख रुपैयाँ सम्म | प्रति लाख रु.१० (रु दश) |
| एक्काइस लाख देखि पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु.१२ (रु बाह्र) |
| एकाउन्न लाख देखि नब्बे लाख रुपैयाँ सम्म | प्रति लाख रु. १५ (रु पन्ध्र) |
| एकानब्बे लाख रुपैयाँदेखि एक करोड पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु. २० (रु वीस) |
| एक करोड एकाउन्न लाख रुपैयाँ देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख रु. २५ (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म | प्रति लाख रु. ३० (रु तीस) |
| तीर्न करोड एक लाख रुपैयाँ देखि तीन करोड पचहत्तर लाख रुपैयाँ सम्म | प्रति लाख रु. ४० (रु चालिस) |
| तिन करोड छयत्तर लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख रु. ५५ (रु पचपन्न) |
| पाँच करोड रुपैयाँ देखी माथी | प्रति लाख रु. ६५ (रु पैसठी) |

मुल्याङ्कन रकमलाई रु लाखमा *(round figure)* मा परिणत गरी करको दर निर्धारण हुनेछ।

**नोटः**

- सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति धनीले तोकीएको ढाँचामा सम्पत्तिको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ।
- सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्ष भित्र भुक्तानी गरिसक्नु पर्नेछ।
- कर समयमा नबुझाएमा गत आर्थिक वर्षको वक्यौता मा ३० प्रतिशत र अघिल्ला आर्थिक वर्षहरुमा थप २० प्रतिशत का दरले जरिवाना लाग्ने छ।
- सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छुट दिईनेछ।
- यस प्रयोजनका लागि सम्पत्ति विवरण लुकाई कर छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानविन गर्दा कर छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ।सो जरिवानाको २५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ।उजुरीकर्ताको नाम गोप्य राखिने छ ।

## अनुसूची-१ (ख)

### (दफा २ को उपदफा (३) संग सम्वन्धित)

### जग्गाको मुल्याङ्कन दर

रजिष्ट्रेशन पास प्रयोजनका लागि जिल्ला मालपोत कार्यालयले यस गाउँपालिका क्षेत्र भित्रका तोकिएका जग्गाहरुको लागि निर्धारण गरेको न्यूनतम दररेटलाई न्युनतम दररेट कायम गरी जग्गाको मुल्याङ्कन गरिने छ।न्युनतम नेपाल सरकारबाट तोकिएको मूल्यको दोब्बर मूल्य वा स्थानीय प्रचलित मुल्यलाई अधिकतम मूल्य मानिने छ।

### घरको मुल्याङ्कन दर तथा ह्रास कट्टी दर

सम्पत्ति कर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मुल्याङ्कन दर रेट देहाय बमोजिम वा स्वः घोषणा अनुसार देहाय अनुसार दर रेटमा नघट्ने गरी मुल्याङ्कन गरिने छ।

| सि.नं. | प्रकार | दररेट (प्रति वर्गफिट) | ह्रास कट्टी दर |
|---|---|---|---|
| १ | आरसिसि फ्रेम स्टक्चर | १८०० | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| २ | सिमेन्ट जोडाई ढुङगा वा ईटाको गाह्रो र आर. सि. सि. आर सि. सि. छाना भएको घर | १६०० | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| ३ | माटोको जोडाई इटा वा ढुङगाको गाह्रो आरसिसि छाना भएको | १२०० | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| ४ | सिमेन्टको जोडाई ईटा, ढुङगा वा ब्लकको गाह्रा जस्ताको पुरानो भएको घर | १,००० | |
| ५ | माटोको जोडाई इटा, ढुङगाको गाह्रो जस्ताको पुरानो भएको घर | ८०० | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| ६ | सिमेन्टको जोडाई इटा, ढुङगाको गाह्रो टायलको पुरानो भएको घर | ६०० | |
| ७ | काठको घर | ४०० | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मुल्याङ्कन गरिनेछ ।

सम्पत्ति कर निर्धारणका लागि करदाताले गाँउपालिकाबाट तोकिएको ढाँचामा उल्लेख भए अनुसारका आफ्नो सबै सम्पतिको विवरण खुलाउनु पर्नेछ।विवरणमा उल्लेखित सबै विवरणमा नखुलाई पेश भएको विवरणमा पछि कुनै थप विवरण खुल्न आएमा वा झुट्टा विवरण पेश गरी सम्पत्ति लुकाएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा समावेश गरी कर निर्धारण गरिने छ। यसरी निर्धारण हुने कर रकम वरावर जरिवाना थप गरि कर असुल गरिनेछ।

## अनुसूची - २
## (दफा ३ को उपदफा (२) संग सम्वन्धित)
## भूमी कर (मालपोत)

| जग्गाको किसिम | | मालापोत दर (प्रति रोपनी) | | |
|---|---|---|---|---|
| | क वर्गमा पर्ने पृथ्वी राजमार्गको आसपास ५०० मिटर भित्र पर्ने बाटोले आसपास ५०० मिटर भित्र पर्ने बाटोले छोएको जग्गाहरू | ख बर्गमा पर्ने त्रिभुवन राजपथ र भिमढुङगा लामिडाँडा हुँदै धार्के बजार जोडिने वैकल्पिक मार्गमा पर्ने जग्गाहरु | ग बर्गमा पर्ने वडा स्तरीय कच्चि मार्गले छोएको जग्गाहरु | घ बर्गमा पर्ने (क, ख र ग बर्गमा पर्ने बाहेकका सबै जग्गाहरू) |
| अब्बल | रु २५.०० | रु १५.०० | रु १२.०० | रु १०.०० |
| दोयम | रु २०.०० | रु १२.०० | रु १०.०० | रु ८.०० |
| सिम | रु १८.०० | रु १०.०० | रु ६.०० | रु ५.०० |
| चार | रु १५.०० | रु १०.०० | रु ६.०० | रु ५.०० |

नोटः

- प्रति रसिद न्यूनतम रु २०।- हुनेछ।
- बक्यौता मालपोत असुली प्रयोजनको लागि अघिल्लो बर्षको बक्यौता रकमको २५ प्रतिशत थप जरिवाना लाग्नेछ।विगतको वक्यौता रकमलाई विगतकै दरमा भुमिकर हिसाब गरी त्यसमा जरिवाना जोडी वक्यौता असुल गरिनेछ। चालु आ. व. को पौष मसान्त भित्र मालपोत बुझाउनेलाई १० प्रतिशत छुट दिइनेछ।
- यस प्रयोजनका लागि जग्गाको झुठा मुल्यांकन गरी मालपोत छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा मालपोत छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ। सो जरीवानाको १५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ।उजुरीकर्ताको नाम गोप्य राखिने छ।

## अनुसूची -३

## (दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

## घरबहाल कर

गाउँपालिका क्षेत्र भित्र कुनै घर, पसल, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा सम्बन्धित घर वा जग्गा धनीबाट १० प्रतिशत कर लिने । घरभाडा सम्झौता अनुसार हुने रकम वा देहायको न्यूनतम् भाडा दर अनुसार जुन बढी हुन्छ सो अनुसार भाडा कर कर १० प्रतिशत लाग्नेछ।

| क्र.सं. | विवरण | अवधि | न्युनतम भाडा दर रकम रु |
|---|---|---|---|
| १ | राष्ट्रिय राजमार्ग क्षेत्रका सटर (प्रति सटर) | मासिक | ३,००० |
| २ | राजमार्ग क्षेत्रमा भित्रि सडकका सटर (प्रति सटर) | मासिक | १,००० |
| ३ | राजमार्ग क्षेत्रमा घरको माथिल्लो तला वा अन्डरग्राउन्ड कोठा | मासिक | १,५०० |
| ४ | भित्रि सडकका घरका माथिल्लो तलाका कोठाहरु | मासिक | १,००० |
| ५ | ग्रामिण क्षेत्रका सटर भाडा | मासिक | १,००० |
| ६ | ग्रामिण क्षेत्रका कोठा भाडा | मासिक | ५०० |
| ७ | राजमार्गका घुम्ति पसल भाडा | मासिक | १,००० |
| ८ | जग्गा भाडा (राजमार्ग क्षेत्र) प्रति रोपनी | मासिक | ४,००० |
| ९ | जग्गा भाडा (ग्रामिण क्षेत्र व्यापार व्यवसाय संचालन गर्ने) प्रति रोपनी | मासिक | १,००० |
| १० | उद्योग, व्यवसाय, फर्म संचालनका लागि लिएको जग्गा भाडा (प्रति रोपनी) | मासिक | ४,५०० |

## अनुसूची - ४
## (दफा ५ को उपदफा (३) संग सम्बन्धित)
## व्यवसाय करको दर

| क्र.सं. | व्यवसायको विवरण | आ. व. २०७९/०८० मा लिइएको बार्षिक कर | आ.व. २०८०/८१ का लागि प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | डिपार्टमेन्ट स्टोर | १०,००० | १०,००० | |
| २.होलसेल(थोक पसल) | | | | |
| २.१ | खाद्यान्न (सप्लायर्स/इन्टरप्राइजेज) | २,५०० | २,५०० | |
| २.२ | मदिरा/सूर्तिजन्य | १०,००० | १०,००० | |
| २.३ | फलफुल | २,००० | २,००० | |
| २.४ | तरकारी | २,००० | २,००० | |
| २.५ | स्टेश्नरी | २,००० | २,००० | |
| २.६ | गिफ्ट/कस्मेटिक/कोसेली घर | २,००० | २,००० | |
| २.७ | प्लाई तथा ग्लास हाउस | ३,००० | ५,००० | |
| २.८ | कपडा तथा फेन्सी | ३,००० | ३,००० | |
| २.९ | ईलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री | ३,००० | ३,००० | |
| ३ | हार्डवेयर/मेशिनरी/पेन्टेस/सेनिटरी तथा मार्वल | १०,००० | १०,००० | |
| ३.१ | भाडा पसल | ३,००० | ३,००० | |
| ३.२ | फर्निचर तथा फिक्स्चर | ५,००० | ५,००० | |
| ३.३ | जुत्ता | ३,००० | ३,००० | |
| ३.४ | मोबाइल | ५,००० | ५,००० | |
| ३.५ | मेशिनरी/कम्प्यूटर | ५,००० | ५,००० | |
| ३.६ | ग्यास डिलर | ५,००० | ५,००० | |
| ३.७ | एग्रोभेट | २,००० | २,००० | |
| ३.खुद्रा पसल | | | | |
| ३.१ | खाद्यान्न | १,००० | १,००० | |
| ३.२ | मदिरा/सूर्तिजन्य | ५,००० | ५,००० | |
| ३.३ | फलफुल | १,००० | १,००० | |
| ३.४ | तरकारी | १,००० | १,००० | |
| ३.५ | स्टेश्नरी | १,००० | १,००० | |
| ३.६ | गिफ्ट/कस्मेटिक | १,००० | १,००० | |
| ३.७ | प्लाई तथा ग्लास हाउस | २,००० | २,५०० | |
| ३.८ | कपडा तथा फेन्सी | १,००० | १,००० | |

| | | | | |
|---|---|---|---|---|
| ३.९ | ईलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री | २,००० | २,००० | |
| ३.१ | हार्डवेयर/मेशिनरी/पेन्टेस/सेनिटरी तथा मार्वल | ५,००० | ५,००० | |
| ३.११ | भाडा पसल | २,००० | २,००० | |
| ३.१२ | फर्निचर तथा फिक्स्चर | ३,००० | ३,००० | |
| ३.१३ | जुत्ता | १,००० | १,००० | |
| ३.१४ | मोबाइल | १,००० | १,००० | |
| ३.१५ | मेशिनरी/कम्प्यूटर | २,००० | २,००० | |
| ३.१६ | ग्यास पसल | १,००० | १,००० | |
| ३.१७ | एग्रो भेट | १,००० | १,००० | |
| ३.१८ | मादल पसल, उद्योग | १,००० | १,००० | |
| ३.१९ | काष्ठकला व्यवसाय | ३,००० | ३,००० | |
| ३.२ | आल्मुनियम वर्कशप | ५,००० | ५,००० | |
| ३.२१ | मुर्ती निर्माण व्यवसाय | ३,००० | ३,००० | |
| **४. सुन चाँदी पसल** | | | | |
| ४.१ | काँचो सुन थोक विक्रेता | १०,००० | १०,००० | |
| ४.२ | अन्य सुन चांदी पसल | ५,००० | ५,००० | |
| **५.औषधी व्यवसाय** | | | | |
| ५.१ | औषधी डिस्ट्रिव्युटर्स | ४,००० | ४,००० | |
| ५.२ | औषधी पसल | ३,००० | ३,००० | |
| ५.३ | निजि अस्पताल | १०,००० | १०,००० | |
| ५.४ | क्लिनिक तथा ल्याब | २,५०० | २,५०० | |
| ५.५ | गैह्र सरकारी अस्पताल | ५,००० | ५,००० | |
| ५.६ | नर्सिङ होम | ५,००० | ५,००० | |
| ५.७ | पोलि क्लिनिक | ३,००० | ३,००० | |
| ५.८ | अक्युपन्चर, फिजियो थेरापी क्लिनिक | १,५०० | १,५०० | |
| **५.९** | **डेन्टल अस्पताल** | | **२,०००** | |
| **६.आयूर्वेदिक औषधी पसल** | | | | |
| ६.१ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | २,००० | २,००० | |
| ६.२ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा पसल | २,००० | २,००० | |
| **७. होटल, रेष्टुरेन्ट तथा रिसोर्ट** | | | | |
| ७.१ | चिया पसल | ५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | भोजनालय, बेकरी क्याफे, मिष्ठान्न भण्डार तथा खाजा घर | २,००० | २,००० | |
| ७.३ | क्याटरिङ तथा टेन्ट हाउस | ४,००० | ४,००० | |
| **७.४** | **होटल, लज, रेष्टुरेन्ट, भोजनालय र रिसोर्ट (क बर्ग)** | | **१०,०००** | |
| **७.५** | **होटल, रेष्टुरेन्ट, भोजनालय (ख बर्ग)** | | **५,०००** | |
| **७.६** | **होटल खाजा घर र कोल्ड स्टोर (ग बर्ग)** | | **२,०००** | |
| **७.७** | **पार्टी प्यालेस** | | **१०,०००** | |
| **८. मोटर पाटर्स बिक्री पसल** | | | | |
| ८.१ | मोटर पार्ट सामान बिक्री ग्यारेज सहित | ५,००० | ५,००० | |
| ८.२ | मोटर पार्ट सामान आदी बिक्री | ३,००० | ३,००० | |
| ८.३ | ग्यारेज मात्र | ३,००० | ३,००० | |
| **९. बोडी विल्डर्स तथा सामान बिक्री** | | | | |
| ९.१ | बोडी विल्डर्स सामान तथा बिक्री समेत | ५,००० | ५,००० | |
| ९.२ | बोडी विल्डर्स सामान तथा बिक्री मात्र | ३,००० | ३,००० | |
| ९.३ | बोडी विल्डर्स मात्र | ४,००० | ४,००० | |
| ९.४ | स्टीकर बिक्री पसल | १,००० | १,००० | |
| **१०. सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | | | |
| १०.१ | बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर | १५,००० | १५,००० | |
| १०.२ | मोटरसाइकल डिलररइन्धनवाला अटो रिक्सा | ५,००० | ५,००० | |
| १०.३ | इलेक्ट्रिक साइकल/इलेक्टीक रिक्सा डिलर | १,५०० | १,५०० | |
| १०.४ | अन्य साइकल/रिक्सा | १,००० | १,००० | |
| १०.५ | रिकण्डिसन हाउस | ३,००० | ३,००० | |
| १०.६ | थोक तथा एजेन्सी एवं खुद्रा | ३,००० | ३,००० | |
| १०.७ | टायर डिलर | ३,००० | ३,००० | |
| १०.८ | टायर विक्रेता | २,००० | २,००० | |
| १०.९ | पम्पिङ सेट जेनेरेटर डिलर | ३,००० | ३,००० | |
| १०.१ | मोटर साईकल वर्कसप | १,५०० | १,५०० | |
| १०.११ | मोटरसाईकल सो रुम | ५,००० | ५,००० | |
| १०.१२ | टायर मर्मत तथा हावा हाल्ने | १,००० | १,००० | |

| | | | | |
|---|---|---|---|---|
| १०.१३ | पम्पिङ सेट जेनेरेटर विक्रेता | २,००० | २,००० | |
| १०.१४ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी | २,५०० | २,५०० | |
| **११. पेट्रोलियम पदार्थ** | | | | |
| ११.१ | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १५,००० | १५,००० | |
| ११.२ | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | १०,००० | १०,००० | |
| ११.३ | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ५,००० | ५,००० | |
| ११.४ | ग्यास उद्योग | १,००,००० | १,००,००० | |
| **१२.लूब्रिकेसन सेक्सन तर्फ** | | | | |
| १२.१ | लूब्रिकेसन डिस्टिव्युटर्स | ३,५०० | ३,५०० | |
| १२.२ | लूब्रिकेसन थोक पसल | ३,००० | ३,००० | |
| १२.३ | लूब्रिकेसन खूद्रा पसल | २,००० | २,००० | |
| **१३.मर्मत तथा संभार सेवा** | | | | |
| १३.१ | लेथ सेक्सन | २,५०० | २,५०० | |
| १३.२ | टायर रिसोलिङ | १०,००० | १०,००० | |
| १३.३ | टायर पन्चर मर्मत | १,००० | १,००० | |
| १३.४ | ईन्जिन र हेड मर्मत | १५,००० | १५,००० | |
| १३.५ | डेन्टिङ सेवा र वेल्डिङ सेवा | १०,००० | १०,००० | |
| १३.६ | पेन्टिङ सेवा | ५,००० | ५,००० | |
| १३.७ | पम्प सेक्सन मर्मत श्रेणी क | ५,००० | ५,००० | |
| १३.८ | व्याट्री/इलेक्ट्रिक सेक्सन | ५,००० | ५,००० | |
| १३.९ | वासिङ्ग सेक्सन (बाइक र सानो गाडी) | २,००० | २,००० | |
| १३.१० | रिक्सा, साइकल मर्मत तथा पार्टस बिक्री पसल | ५०० | ५०० | |
| १३.११ | अटो र मोटरसाइकल मर्मत | ५,००० | ५,००० | |
| १३.१२ | कमानी पट्टा मर्मत | ५,००० | ५,००० | |
| १३.१३ | रेडियटर मर्मत | २,००० | २,००० | |
| १३.१४ | सिट मेकिंग तथा ग्रिसिंग सेवा | २,००० | २,००० | |
| १३.१५ | टि.भी. डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | १,००० | १,००० | |
| १३.१६ | मोर्बाइल मर्मत पसल | १,००० | १,००० | |
| १३.१७ | रेडियो, घडी मर्मत पसल | १,००० | १,००० | |
| १३.१८ | अन्य मर्मत पसल | १,००० | १,००० | |
| १३.१९ | सेक्युरिटी रियल कम्पनी सेवा | २,००० | २,००० | |

| | | | | |
|---|---|---|---|---|
| **१४.परामर्श तथा कन्सल्टेण्ट सेवा** | | | | |
| १४.१ विशेषज्ञ परामर्स तथा अन्य ब्यवसायीक सेवा | | | | |
| १४.१.१ | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट चिकित्सक | ५,००० | ५,००० | |
| १४.१.२ | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ३,००० | ३,००० | |
| १४.१.३ | कबिराज | ३,००० | ३,००० | |
| **१४.२ कन्सल्ट्यान्ट सेवा** | | | | |
| १४.२.१ | इन्जिनियरिङ परामर्श सेवा फर्म | २,००० | २,००० | |
| १४.२.२ | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | ५,००० | ५,००० | |
| १४.२.३ | नर्सिङ, सि.एम.ए र एच.ए. प्रशिक्षण समेत | ४,००० | ४,००० | |
| १४.२.४ | एजुकेशनल कन्सल्टेन्सी सेवा | २,००० | २,००० | |
| १४.२.५ | कम्प्यूटर/ईलेक्ट्रोनिक तालिम केन्द्र | १,००० | १,००० | |
| १४.२.६ | कम्प्यूटर डिजाईनिङ सेवा | १,००० | १,००० | |
| १४.२.७ | सवारी चालक तालीम केन्द्र | २,००० | २,००० | |
| १४.२.८ | भाषा शिक्षा इन्स्टिच्युट, कोचिङ्गसेन्टर | १,००० | १,००० | |
| **१४.३ कानून व्यवसायी** | | | | |
| १४.३.१ | ल फर्म तथा कानून परामर्श सेवा | १,००० | १,००० | |
| १४.३.२ | लेखापढी फर्म | १,००० | १,००० | |
| **१४.४ लेखा परीक्षण व्यवसाय तर्फ** | | | | |
| १४.४.१ | लेखा परीक्षण (सि.ए) | २,००० | २,००० | |
| १४.४.२ | लेखा परीक्षण अन्य | १,५०० | १,५०० | |
| **१४.४ अनुसन्धान सेवा/ सेवा कार्यालयहरू** | | | | |
| १४.४.१ | अनुसन्धानकर्ता | १,५०० | १,५०० | |
| १४.४.२ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रमर | १,५०० | १,५०० | |
| १४.४.३ | विमा एजेन्ट | १,००० | १,००० | |
| १४.४.४ | सर्भेयर | १,५०० | १,५०० | |
| १४.४.५ | नोटरी पव्लिक अनूवादक | १,५०० | १,५०० | |
| १४.४.६ | पशु चिकित्सक सेवा | १,५०० | १,५०० | |
| १४.४.७ | शेयर ब्रोकर | ३,००० | ३,००० | |
| १४.४.८ | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट ब्यवसाय (सप्लायर्स) | १०,००० | १०,००० | |
| १४.४.९ | पेन्टर | ३,००० | ३,००० | |

| | | | | |
|---|---|---|---|---|
| १४.४.१० | रियल स्टेट व्यवसाय | १०,००० | १०,००० | |
| **१५. उत्पादन मुलक** | | | | |
| **१५.१ कृषि जन्य** | | | | |
| १५.१.१ | ठुला | १,००० | १५,००० | |
| १५.१.२ | मझौला | ८०० | १०,००० | |
| १५.१.३ | साना | ५०० | ५,००० | |
| १५.१.४ | मिश्रित खेती मल बिउ विजन सम्बन्धी कारोवार | ५,००० | ५,००० | |
| **१६. गैर कृषि जन्य** | | | | |
| १६.१ | ठुला | ५०,००० | ५०,००० | |
| १६.२ | मझौला | ३०,००० | ३०,००० | |
| १६.३ | साना | ३,००० | ३,००० | |
| **१७. कृषि तथा पशु आहारा उद्योग** | | | | |
| १७.१ | पशु आहरा उद्योग | ४,००० | ४,००० | |
| १७.२ | पशु आहरा बिक्री केन्द्र | १,५०० | १,५०० | |
| **१८. व्यवसायिक कृषि तथा पशुपन्छी फर्म** | | | | |
| १८.१ | ५ लाख सम्म लगानी भएको फर्म | १,००० | १,००० | |
| १८.२ | ५ लाख देखि २० लाख सम्म लगानी भएको फर्म | २,००० | २,००० | |
| १८.३ | २० लाख भन्दा माथि लगानी भएको फर्म | ५,००० | ५,००० | |
| **१९. कृषि औजार उद्योग** | | | | |
| १९.१ | कृषि औजार बिक्री तथा मर्मत केन्द्र (धान, गहु चुटने पिस्ने मेसिन, स्प्रे, ट्याक्टर) | १,००० | १,००० | |
| **२०.कृषि तथा बनजन्य उद्योग** | | | | |
| २०.१ | सःमिल/प्लाइउड उद्योग | ५,००० | ५,००० | |
| २०.२ | काठ विक्री डिपो | ४,००० | ४,००० | |
| २०.३ | फाईवर र काठको फर्निचर उद्योग/शोरुम | २,५०० | २,५०० | |
| २०.४ | फाईवर र काठको फर्निचर शोरुम | २,००० | २,००० | |
| २०.५ | बेत बाँसको उद्योग/व्याम्बो शोरुम | १,५०० | १,५०० | |
| २०.६ | प्लाष्टिक जन्य उद्योग | ३,००० | ३,००० | |
| २०.७ | चप्पल उद्योग | ३,००० | ३,००० | |
| २०.८ | ग्रील उद्योग | ३,००० | ३,००० | |

| | | | | |
|---|---|---|---|---|
| २१. साबुन उद्योग | | | | |
| २१.१ | साबुन सर्फ उद्योग ठुला | ६,००० | ६,००० | |
| २१.२ | साबुन सर्फ उद्योग मझौला | ४,००० | ४,००० | |
| २१.३ | साबुन सर्फ उद्योग साना | ३,००० | ३,००० | |
| २२. जुत्ता उद्योग | | | | |
| २२.१ | जूत्ता उधोग तथा जूत्ताको शोरुम | १,५०० | १,५०० | |
| २२.२ | जुत्ता मर्मत गर्ने | ५०० | ५०० | |
| २३. घरेलु कूटिर उद्योग | | | | |
| २३.१ | अगर बत्ती उद्योग | ५०० | ५०० | |
| २३.२ | मैन बत्ती उद्योग | ५०० | ५०० | |
| २३.३ | टुकी उद्योग | ५०० | ५०० | |
| २३.४ | अचार उद्योग | २०० | २०० | |
| २३.५ | अन्य कुटिर उद्योग | २०० | २०० | |
| २४.कपडा तथा गार्मेन्ट उद्योग | | | | |
| २४.१ | कपडा उद्योग | ४,००० | ४,००० | |
| २४.२ | गार्मेन्ट उद्योग | २,५०० | २,५०० | |
| २४.३ | ज्याकेट तथा ब्याग उद्योग | २,००० | २,००० | |
| २४.४ | होजियारी तथा धागो उद्योग | १,५०० | १,५०० | |
| २४.५ | सिरक डसना उद्योग÷पसल | २,००० | २,००० | |
| २४.६ | ढाका उद्योग | १,००० | १,००० | |
| २५.पेय पदार्थ उत्पादन उद्योग | | | | |
| २५.१ | मिनरल वाटर उद्योग | ५,००० | ५,००० | |
| २५.२ | पिउने पानी सप्लायर्स | १,५०० | १,५०० | |
| २५.३ | आइस बरफ उद्योग | १,५०० | १,५०० | |
| २५.४ | आइसक्रीम उद्योग | १,००० | १,००० | |
| २५.५ | सोडा उद्योग | १,००० | १,००० | |
| २५.६ | कोल्ड स्टोर | ३,००० | ३,००० | |
| २६.भाँडा उद्योग | | | | |
| २६.१ | धातु जन्य भाडा उद्योग | २,००० | २,००० | |
| २६.२ | प्लाष्टिक जन्य भाडा उद्योग | ५,००० | ५,००० | |
| २६.३ | टिनको बाकस, बाल्टी, स्टोभ | १,५०० | १,५०० | |
| २६.४ | तामा पित्तलका भाडा बनाउने व्यवसाय | २,००० | २,००० | |
| २७. कुटानी, पेलानी मिल | | | | |
| २७.१ | फलावर मिल | १,५०० | १,५०० | |

| | | | | |
|---|---|---|---|---|
| २७.२ | सेलर मिल मात्र | १,५०० | १,५०० | |
| २७.३ | कुटानी, पिसानी पेलानी मिल (हलर समेत) | १,००० | १,००० | |
| २७.४ | मसला, चिउरा मिल | २,००० | २,००० | |
| २७.५ | डेरी उद्योग तथा बिक्री पसल | १,००० | १,००० | |
| **२८. उपभोग्य बस्तू उत्पादन उद्योग** | | | | |
| २८.१ | कुकिज/पाउरोटी/नुडल्स/चाउमिन उद्योग | ३,००० | ३,००० | |
| २८.२ | कन्फेक्सनरी उद्योग | २,००० | २,००० | |
| २८.३ | विस्कुट उद्योग | २,००० | २,००० | |
| २८.४ | दालमोठ उद्योग | २,००० | २,००० | |
| **२९.उर्जा मुलक उद्योग** | | | | |
| २९.१ | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ५,००० | ५,००० | |
| २९.२ | वायो ग्यास उद्योग | ४,००० | ४,००० | |
| २९.३ | सौर्य शक्ति उत्पादन उधोग | ३,००० | ३,००० | |
| २९.४ | सौर्य शक्ति मर्मत सम्भार पार्ट बिक्री | २,००० | २,००० | |
| २९.५ | खनिज उद्योग | १५,००० | १५,००० | |
| २९.६ | इटा उद्योग चिम्नी | ५ पैसा प्रति गोटा वा ४ लाख मझौला र ६ लाख ठुलो उद्योगहरूका लागि। | ५ पैसा प्रति गोटा वा ४ लाख मझौला र ६ लाख ठुलो उद्योगहरूका लागि। | |
| **३०. ईटा तथा रिङ उद्योग** | | | | |
| ३०.१ | ईटा उद्योग सामान्य/डिलर बिक्रेता | ३०,००० | ३०,००० | |
| ३०.२ | ब्लक रिङ उद्योग, निर्माण | १५,००० | १५,००० | |
| ३०.३ | सिमेन्ट उद्योग | १,००,००० | १,००,००० | |
| ३०.४ | वासिङ प्लान्ट हपर सहित | ७५,००० | ७५,००० | प्रति प्लान्ट |
| ३०.५ | फिरफिरे | ५०,००० | ५०,००० | प्रति प्लान्ट |
| **३१.कंक्रिट उद्योग** | | | | |
| ३१.१ | ब्लक (इन्टर लक) भुइमा ओछ्याउने | १०,००० | १०,००० | |
| ३१.२ | ब्लक (इन्टर लक) गाह्रो लगाउने | १५,००० | १५,००० | |
| ३१.३ | सेनेटरी उद्योग तथा व्यवसाय | ५,००० | ५,००० | |
| ३१.४ | गिट्टी वालूवा आदी संकलन घाटगद्दी तथा बिक्री प्रति ३ मि. | ५०० | ५०० | |
| ३१.५ | विद्युत पोल | ५०,००० | ५०,००० | |
| **३२. क्रसर उद्योग** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२.१ | ३०० KVA Transformer जडित | १,००,००० | १,००,००० | |
| ३२.२ | ३०० KVA देखि ५०० KVA Transformer जडित | १,५०,००० | १,५०,००० | |
| ३२.३ | ५०० KVA Transformer भन्दा माथि Transformer जडित | २,५०,००० | २,५०,००० | |
| **३३.पर्यटन उद्योग** | | | | |
| ३३.१ | ट्राभल्स एण्ड टुर | १,५०० | १,५०० | |
| **३४. सेवा उद्योग** | | | | |
| **३४.१ छापाखाना** | | | | |
| ३४.१.१ | अफसेट प्रेस | २,००० | २,००० | |
| ३४.१.२ | स्क्रिन प्रिन्ट प्रेस | १,५०० | १,५०० | |
| ३४.१.३ | लेजर प्रिन्ट प्रेस | १,००० | १,००० | |
| **३४.२ निर्माण ब्यवसायी** | | | | |
| ३४.२.१ | क वर्ग | २५,००० | २५,००० | |
| ३४.२.२ | ख वर्ग | २०,००० | २०,००० | |
| ३४.२.३ | ग वर्ग | १५,००० | १५,००० | |
| ३४.२.४ | घ वर्ग | १०,००० | १०,००० | |
| ३४.२.५ | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता समेत भएको लाई थप | ५,००० | ५,००० | |
| ३४.२.६ | सटरिङ ब्यवसाय | | | |
| ३४.२.७ | मिक्चर तथा सटरिङ सामान भएको | ३,००० | ३,००० | |
| ३४.२.८ | सटरिङ सामान मात्र भएको | २,००० | २,००० | |
| ३४.२.९ | मिक्चर मात्र भएको | १,५०० | १,५०० | |
| ३४.२.१० | वाटर ड्रिलिङ ब्यवसाय मेसिनरी उपकरण भएकोलाई | ५,००० | ५,००० | |
| ३४.२.११ | ह्युमपाईप | ५०,००० | ५०,००० | |
| **३५. मनोरञ्जन सेवा** | | | | |
| ३५.१ | सिनेमा हल | १०,००० | १०,००० | |
| ३५.२ | फिल्म डिस्ट्रिव्युटर्स | ५,००० | ५,००० | |
| **३६.कलरल्याव सेवा** | | | | |
| ३६.१ | कलरल्याव सेवा | २,००० | २,००० | |
| ३६.२ | भिडियो मिक्सिङ | २,००० | २,००० | |
| ३६.३ | फोटो स्टूडियो सेवा | १,००० | १,००० | |
| **३७. संचार सेवा** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३७.१ | टेलिफोन, मोवाईल, इन्टरनेट सेवा प्रदायक कम्पनी | १०,००० | १०,००० | |
| ३७.२ | ईन्टरनेट वितरक | ३,००० | ३,००० | |
| ३७.३ | टि.भि. च्यानल प्रशारण सेवा | ५,००० | ५,००० | |
| ३७.४ | केबूल च्यानल प्रशारण सेवा | ५,००० | ५,००० | |
| ३७.५ | एफ.एम.प्रसारण सेवा | १,००० | १,००० | |
| ३७.६ | पत्रपत्रिका प्रकाशन सेवा | ५०० | ५०० | |
| **३८.कम्युनिकेशन सेवा** | | | | |
| ३८.१ | टेलीफोन टावर प्रति थान | ५,००० | ५,००० | |
| ३८.२ | विभिन्न रिचार्ज कार्ड थोक विक्रेता | १,००० | १,००० | |
| ३८.३ | फोटोकपि, साइवर क्याफे सेवा | १,५०० | १,५०० | |
| ३८.४ | कुरियर सेवाको मुख्य कार्यालय | १,५०० | १,५०० | |
| ३८.५ | कुरियर सेवाको शाखा कार्यालय | १,००० | १,००० | |
| **३९.वित्तीय सेवा** | | | | |
| ३९.१ | बाणिज्य बैंक मुख्य कार्यालय | ५०,००० | ५०,००० | |
| ३९.२ | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १५,००० | १५,००० | |
| ३९.३ | बिकास बैंक मुख्य कार्यालय | १५,००० | १५,००० | |
| ३९.४ | विकास बैंकप्रति शाखा कार्यालय | १०,००० | १०,००० | |
| ३९.५ | फाइनान्स कम्पनी मुख्य कार्यालय | १५,००० | १५,००० | |
| ३९.६ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५,००० | ५,००० | |
| ३९.७ | लघुवित्त कम्पनी मुख्य कार्यालय | ५,००० | ५,००० | |
| ३९.८ | लघुवित्त कम्पनी शाखा कार्यलय | ५,००० | ५,००० | |
| ३९.९ | विमा कम्पनीहरु मुख्य कार्यालय | ५,००० | ५,००० | |
| ३९.१ | विमा कम्पनीहरु शाखा कार्यालय | २,००० | २,००० | |
| ३९.११ | रेमिट्यान्स तथा मनी एक्सचेन्जर | २,००० | २,००० | |
| ३९.१२ | बहुद्धेशिय सहकारी संस्था | १५,००० | १५,००० | |
| ३९.१३ | वित्तीय सहकारी (कृषि) संस्था | २,००० | २,००० | |
| ३९.१४ | बचत तथा ऋण सहकारी | १०,००० | १०,००० | |
| ३९.१५ | महिला विकास सहकारी | २,००० | २,००० | |
| **४०.सामुदायिक शिक्षालय** | | | | |
| ४०.१ | सामुदायिक शिक्षालयहरूलाई दिइने सिफारिहरू | निःशुल्क | निःशुल्क | |
| **४१. निजी शिक्षालय** | | | | |
| ४१.१ | माध्यमिक विद्यालय | २,००० | २,००० | |

| | | | | |
|---|---|---|---|---|
| ४१.२ | आधारभुत | १,००० | १,००० | |
| ४१.३ | प्राथमिक विद्यालय | १,००० | १,००० | |
| ४१.४ | छात्र/छात्रावास | १,००० | १,००० | |
| ४१.५ | मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र | ५०० | ५०० | |
| **४२. गैह्र सरकारी संस्थाहरु** | | | | |
| ४२.१ | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | ८,००० | ८,००० | |
| ४२.२ | राष्ट्रिय संस्था | ३,००० | ३,००० | |
| ४२.३ | स्थानीय संस्था | १,००० | १,००० | |
| ४३. समूह/समिति दर्ता | | | | |
| **४३.१** | **उपभोक्ता समिति** | | **१,०००** | |
| **४३.२** | **कृषि तथा पशुपालन समूह** | | **१,०००** | **२-२ बर्षमा नविकरण** |
| **४४. ड्राइक्लिनिङ, सैलुन तथा ब्युटीपार्लर** | | | | |
| ४४.१ | ब्युटी पार्लर सेवा ब्युटिसियन तालीम सहितको | १,००० | १,००० | |
| ४४.२ | ब्युटी पार्लर सेवा | १,००० | १,००० | |
| ४४.३ | ब्युटीसियन तालिम सेवा | १,००० | १,००० | |
| ४४.४ | सैलून | १,५०० | १,५०० | |
| ४४.५ | ड्राइक्लिनिक सेवा हेवी | १,५०० | १,५०० | |
| ४४.६ | ड्राइक्लिनिक सेवा लाईट | १,००० | १,००० | |
| **४५. साईन वोड आर्ट व्यवसाय** | | | | |
| ४५.१ | डिजिटल आर्ट ब्यवसाय फ्लेक्स प्रिन्ट ब्यवसाय | १,५०० | १,५०० | |
| ४५.२ | अन्य आर्ट | १,००० | १,००० | |
| **४६. पशूबधशाला** | | | | |
| ४६.१ | पशू बधशाला | ५,००० | ५,००० | |
| ४६.२ | पशूको छाला संकलन तथा बिक्री केन्द्र | ८,००० | ८,००० | |
| **४७. माछा, मासु अण्डा बिक्री पसल** | | | | |
| ४७.१ | राँगा मासु | २,००० | २,००० | |
| ४७.२ | खसी/बोका मासु | १,००० | १,००० | |
| ४७.३ | बंगुर मासु | १,००० | १,००० | |
| ४७.४ | माछा | १,००० | १,००० | |
| ४७.५ | कुखुरा | १,००० | १,००० | |
| ४७.६ | अण्डा | ५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ४७.७ | **एक भन्दा बढी उदेश्य राखी दर्ता गरिने यस विधाका व्यवसाय** | | ३,००० | |
| **४८. फूल बिरुवा विक्री पसल** | | | | |
| ४८.१ | नर्सरी | १,००० | १,००० | |
| ४८.२ | फूल बिक्री पसल | ५०० | ५०० | |
| **४९. स्नूकर/पुल हाउस** | | | | |
| ४९.१ | स्नूकर तथा पुल दूवै भएको | १,५०० | १,५०० | |
| ४९.२ | स्नूकर | १,००० | १,००० | |
| ४९.३ | पुल हाउस | १०० | १०० | |
| ४९.४ | जीम हाउस | १,५०० | १,५०० | |
| **५०. हेभिइक्युवमेन्ट तथा अन्य इक्युवमेन्ट** | | | | |
| ५०.१ | हेभिइक्युवमेन्ट खरिद/बिक्री | ६,००० | ६,००० | |
| ५०.२ | अन्य इक्युवमेन्ट खरिद/बिक्री | ४,००० | ४,००० | |
| ५०.३ | कवार्ड खरिद बिक्री | २,००० | २,००० | |
| **५१.स्पोटर्स, खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | | | | |
| ५१.१ | स्पोटर्स समाग्री, बिक्री पसल | १,००० | १,००० | |
| ५१.२ | खेलौना पसल | ५०० | ५०० | |
| ५१.३ | फोटो फ्रेम पसल | ५०० | ५०० | |
| **५२. सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | | | | |
| ५२.१ | सिलाई पसल सटिङ सुटिङ | १,५०० | १,५०० | |
| ५२.२ | सिलाई पसल | १,००० | १,००० | |
| ५२.३ | बुटिक ल्याब्रटोरी | ५०० | ५०० | |
| **५३. वैदेशिक रोजगार ब्यवसाय** | | | | |
| ५३.१ | वैदेशिक रोजगार ब्यवसाय मुख्य कार्यालय | २,००,००० | २,००,००० | |
| ५३.२ | वैदेशिक रोजगार ब्यवसाय शाखा कार्यालय | ५,००० | ५,००० | |
| **५४. संगित तथा कला केन्द्र सेवा** | | | | |
| ५४.१ | संगित समाग्री बिक्री पसल | १,००० | १,००० | |
| ५४.२ | संगित तथा कला केन्द्र | १,००० | १,००० | |
| **५५.अन्य व्यवसाय** | | | | |
| ५५.१ | पुरानो कपडा पेल्ने कारखाना | २,००० | २,००० | |
| ५५.२ | कम्प्युटर, ड्राइभिङ अन्य इन्च्यिुट | २,००० | २,००० | |
| **५६** | **कार्यालयबाट दिइने प्रतिलिपिहरू** | | ५०० | |

नोटः

- व्यवसाय कर समयमा नबुझाउन व्यवसायी लाई प्रति वर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।
- महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायमा लाग्ने दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइने साथै नविकरणमा पनि ५० प्रतिशत छुटको व्यवस्था गरिने छ। तर क्र.स. ८, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ४३, ४४, ४८, ५०, ५१, ५८ र ६२ को हकमा यो छुट लागु हुने छैन।

## अनुसूची - ५

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

जडिबुटी, कवाडी तथा जिवजन्तुको (उन, प्वाख, छाला, सिंग) मा बिक्रीमा मुल्याङ्कनको १ प्रतिशत कर लाग्ने छ ।

# अनुसूची - ६
## सवारी साधन कर

| क्र.सं. | वार्षिक सवारी कर | वार्षिक कर | सवारी दर्ता कर |
|---|---|---|---|
| १ | स्काभेटर, जेसिवी, डोजर हेवी इक्वीपमेन्ट | ५००० | ५००० |
| २ | बस, ट्रक, लहरी, आदी हेवी सवारी साधनहरु | २,००० | २,००० |
| ३ | भाडाको कार, जिप, माइक्रेबस | १,००० | १,००० |
| ४ | भाडाको टेम्पो, अटो रिक्सा (ईलेक्ट्रीक रिक्सा) | ५०० | ५०० |
| ५ | भाडाका (कार, जीप, माईक्रो बस ) | ५०० | ५०० |
| ६ | निजी सवारिसाधन (कार, टेम्पो, मिनिबस) वार्षिक | ३०० | ३०० |
| ७ | मोटरसाईकल | २०० | २०० |
| ८ | भाडाका पावरटीलर | १५० | १५० |
| ९ | ठेलागाडा, रिक्सा | २५ | २५ |

- गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछः

| **क्र.सं.** | **सवारीको किसिम** | **दर्ता तथा इजाजत** | **प्रस्तावित** |
|---|---|---|---|
| १ | अटोरिक्सा | ५०० | २५०० |
| २ | विद्युतीय रिक्सा | ५०० | २५०० |
| ३ | रिक्सा तथा ठेला | २५ | १०० |

## अनुसूची -७

## (दफा ८ को उपदफा (२) संग सम्वन्धित)

## विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ।

| क्र.सं. | विवरण | आ.व. २०८०/८१ का लागि प्रस्तावित दर करको दर |
|---|---|---|
| १ | होडिङ्ग बोर्ड, फ्लेक्स बोर्ड प्रति बर्ग फिट बार्षिक | १०० |
| २ | २ डि/३ डि बोर्ड प्रति बर्ग फिट बार्षिक | ३०० |
| ३ | ग्लो बोर्ड, लाईट बोर्ड प्रति बर्गफिट बार्षिक | २५० |
| ४ | बेलुन डमी, फलेन्जर, छाता प्रतिदिन प्रतिगोटा | १५० |
| ५ | स्टल,गेट प्रतिदन प्रतिगोटा | १,००० |
| ६ | सटर पेन्टिङ प्रति बर्ग फुट बार्षिक | १५ |
| ७ | बार्षिक भित्ते लेखन प्रति बर्ग फुट बार्षिक | २० |
| ८ | सार्वजनिक तथा निजी स्थानमा बिज्ञापन प्रयोजनका लागि ६ गरिने स्टिकर, भिनालयल, फोर्कस, डुमलाइट, भ्याकुम बोर्ड जस्ता बिज्ञापन प्रति बर्गफुट बार्षिक | १५० |
| ९ | सवारीसाधनमा लेखि बोकि गरिने प्रचार प्रसार प्रतिदिन | २५० |
| १० | अन्यको हकमा प्रति बर्ग फिट बार्षिक | २०० |
| ११ | तुल व्यानर प्रति गोटा एक महिनाको लागि | ३६० |
| १२ | तुल व्यानर प्रति गोटा १५ दिनको लागि | १८० |

नोटः

१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ ।,

२) गाउँपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

३) पसलहरुमा राखिने परिचय पाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन। तर, परिचय पाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ।

## अनुसूची-८
## मनोरन्जन कर

क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शन, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शनस्थलको प्रवेश शुल्कमा रु १।- का दरले मनोरञ्जन कर लाग्ने ।

ख) जादु सरकश, चटके आदीमा प्रतिदिन रु ४,००।- अथवा मासिक रु १०,०००।- लाग्ने छ।

ग) गाँउपालिका क्षेत्रभित्र सञ्चालित महोत्सव, तथा औधोगिक मेला अनुमति शुल्क १५ दिन सम्म रु २५,०००।-

ग) गाँउपालिका क्षेत्रभित्र सञ्चालित महोत्सव, तथा औधोगिक मेला अनुमति शुल्क ३० दिन सम्म रु ५०,०००।-

३) अन्यको हकमा प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

## अनुसूची - ९

## (दफा १० को उपदफा (२) संग सम्वन्धित)

## बहाल बिटौरी शुल्कको दर

प्रचलित कानून बमोजिम बहाल विटौरी शुल्क असुली गर्नका लागि गाउँ कार्यपालिकाको बैठकले निर्णय अनुसार गाउँपालिकाले निर्माण गरेका र गाउँपालिकाको रेखदेखमा सञ्चालनमा रहेका हाटबजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत उपयोगको प्रकृति हेरी प्रति वर्गफिट रु. २ देखि रु. २० सम्मको व्यवसायको प्रकृति हेरी बहाल विटौरी शुल्क लिइनेछ।

**अनुसूची-१०**

**दफा ११ को उपदफा (१) संग सम्वन्धित)**

**सवारी साधन पार्किङ शुल्कको दर**

गाउँ कार्यपालिकाले तोकेको क्षेत्रमा सवारी पार्किङ गरे बापत देहाय बमोजिम पार्किङ शुल्क लिईने छ।

| क.सं. | सवारीको किसिम | प्रति घण्टा रु |
|---|---|---|
| १ | ठुला सवारी साधन जेसिवी, स्काभेटर र टेलर | ३० |
| २ | साना सवारी साधन बस, मिनिबस, ट्रक | २ |
| ३ | टयाक्टर | १५ |
| ४ | हल्का सवारी साधन माइक्रो, कार, जीप अटो, पावर टेलर आदी | १० |
| ५ | मोटरसाईकल, स्कुटर | ५ |

## अनुसूची-११

### (दफा १२ को उपदफा (१) संग सम्वन्धित)

### ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्ल्यायर तथा र्याफ्टिङ शुल्कको दर

क) गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुमा देहाय बमोजिमका शुल्क लाग्नेछ।

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५० | ५० |
| २ | सामुहिक रपारिवारिक | १५० | १५० |
| ३ | पार्टि पिकनिक | ५०० | ५०० |

ख) क्यानोईङ र्याफ्टिङ

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५० | १५० |
| २ | सामुहिक रपारिवारिक (बढीमा ३ जना) | १५० | ३५० |

## अनुसूची-१२

### (दफा १३ को उपदफा (१) संग सम्वन्धित)

### सडक मर्मत सुधार सेवा शुल्कको दर

साविक गाउँ विकास समिति र हाल गाउँपालिकाको लगानीमा निर्माण गरिएका स्थानिय पूर्वाधार विशेष गरी ग्रामिण सडकहरुमा सो सडक प्रयोग गरे वापत सडक मर्मत शुल्कका सेवा शुल्क लिइनेछ।

<u>सेवा शुल्कको दरः</u>

क) ट्रक, मिनी ट्रक, ट्याकटर, मिनि वस आदी ठुला सवारीमा प्रति ट्रिप रु २००।-

ख) कार, जिप आदी साना सवारीमा प्रति ट्रिप रु १००।-

# अनुसूची - १३

## (दफा १४ को उपदफा (१) संग सम्वन्धित)

## वातावरण तथा सरसफाई शुल्कको दर

| सि.नं. | ईट्टा बिक्री ढुवानी बापत | प्रति ट्रिपर, दर |
|---|---|---|
| १ | १० पाग्रे सवारी साधन | १,०५० |
| २ | ६ पाग्रे सवारी साधन | ५,०० |
| ३ | ४ पाग्रे सवारी साधन | २,०० |

## अनुसूची -१४

## (दफा १५ को उपदफा (१) संग सम्वन्धित)

सेवा शुल्क तथा दस्तुरको दर

| सि.नं. | सेवाको किसिम | साविकको दर रकम रु | प्रस्तावित दर रकम रु |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | १,००० | १,००० |
| २ | सवै प्रयोजनको सर्जमिन वापत | ५,०० | ५,०० |
| ३ | अचल सम्पत्ति मूल्यांकन | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ४ | आय श्रोत प्रमाणित | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ६ | रकम कलम उठाई दिएवापत | २ प्रतिशत | २ प्रतिशत |
| ६ | बैनापट्टाको कागज गरेवापत | | |
| ६.१ | २० लाख सम्म | | २,००० |
| ६.२ | २० लाख देखि १ करोड सम्म | | ५,००० |
| ६.३ | १ करोड भन्दा माथी | | १०,००० |
| ७ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | २० | २० |
| ८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | १,००० | १,००० |
| ९ | घर नम्वरिङ प्लेट प्रति गोटा | १,०० | १,०० |
| १० | टो.वि.स. दर्ता शुल्क/नविकरण | २,०० | २,०० |
| ११ | व्यापार व्यवसायको ठाउँसारी उदेश्य थप, पुँजी बृद्धि, नाम संशोधन, नामसारी, कारोबार बन्द (प्रत्येक शिर्षकमा) | ५,०० | ५,०० |

**विभिन्न प्रमाणित तथा सिफारीस दस्तुरः**

| सि.नं. | सेवाको किसिम | साविक दर | प्रस्तावित दर |
|---|---|---|---|
| १ | घरवाटो साँध सिमाना प्रमाणित | २,५० | २,५० |
| २ | घरवाटो साँध सिमाना प्रमाणित सर्जमिन गर्नु परेमा | ५,०० | ५,०० |
| ३ | नागरिकता प्रमाणपत्रको सिफारिस (पहिलो पटक) | नि शुल्क | नि शुल्क |
| ४ | नागरिकता सिफारिस (प्रतिलिपि तथा पुन सिफारिस) | १,०० | १,०० |
| ५ | जग्गा नामसारी सिफारिस | ५,०० | ५,०० |
| ६ | नाम, थर संशोधन सिफारिस | ५०० | ५,०० |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | २,५०० | २,५०० |
| ८ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५,०० | ५,०० |

| | | | |
|---|---|---|---|
| ९ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २०० | २०० |
| १० | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १०० | १०० |
| ११ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर | १,००० | १,००० |
| १२ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | २,००० | २,००० |
| १३ | विद्युत जडानको सिफारिस दस्तुर | ३०० | ३०० |
| १४ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ३०० | ३०० |
| १५ | बैदेशिक रोजगारको लागि सिफारिस | १,००० | १,००० |
| १६ | परिवार ल्याएको/लगेको सिफारिस | १,००० | १,००० |
| १७ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | २,००० | २,००० |
| १८ | नाता प्रमाणित दस्तुर | ३०० | ३०० |
| १९ | नाता प्रमाणित दस्तुर (मृत्यु भएको हकमा) | ३०० | ३०० |
| २० | आन्तरिक बसाईसराई | २०० | २०० |
| २१ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | २,००० | २,००० |
| २२ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २०० | २०० |
| २३ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १,००० | १,००० |
| २४ | सामुदायिक विद्यालहरूको सिफारिस | निःशुल्क | निःशुल्क |
| २५ | निजी विद्यालय सञ्चालनको सिफारिस | १०,००० | १,०००० |
| २६ | निजी विद्यालय कक्षा थपको सिफारिस | ३,००० | ३,००० |
| २७ | निजी विद्यालयको ठाँउसारी सिफारिस | १,००० | १,००० |
| २८ | मोही नामसारी सिफारिस | १,००० | १,००० |
| २९ | सम्बन्ध विच्छेदको सिफारिस | १,००० | ५०० |
| ३० | ठुला उद्योग स्थापनाको सिफारिस | ३०,००० | ३,०००० |
| ३१ | मझौला उद्योग स्थापनाको सिफारिस | २०,००० | २,०००० |
| ३२ | साना तथा घरेलु उद्योगको सिफारिस | १,००० | १,००० |
| ३३ | ठुला उद्योगको ठाँउसारी सिफारिस | | १,०००० |
| ३४ | मझौला उद्योगको ठाँउसारी सिफारिस | | ५००० |
| ३५ | साना तथा घरेलु उद्योगको ठाँउसारी सिफारिस | | १,००० |
| ३६ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | २०० | २०० |
| ३७ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १५० | १५० |
| ३८ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० | ५०० |
| ३९ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १,००० | १,००० |
| ४० | अपुताली सिफारिस (नेपालको लागि) | १,००० | १,००० |
| ४१ | अपुताली सिफारिस (विदेशको लागि) | ५,००० | ५००० |
| ४२ | व्यक्तिगत घटना दर्ता | | |

| | | | |
|---|---|---|---|
| ४२.१ | जन्म मृत्यू विवाह,वसाई सराई प्रमाणित तथा सिफारिस ३५ दिन सम्म | निःशुल्क | निःशुल्क |
| ४२.२ | जन्म मृत्यू विवाह,वसाई सराई प्रमाणित तथा सिफारिस ३५ दिन पश्चात | २०० | २०० |
| ४२ | जन्म मृत्यू विवाह,वसाई सराईको प्रतिलिपिको | ५०० | ५०० |
| ४३ | बैदेशिक डकुमेन्ट | | |
| ४४ | प्रति सिफारिस/प्रति चलानी | ५०० | ५०० |
| ४५ | सम्पती मुल्याङ्कन | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ४६ | कर चुक्ता प्रमाणित (आय श्रोत सहित) | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ४७ | कर चुक्ता प्रमाणित (आय श्रोत बाहेक) | ५०० | ५०० |
| ४८ | आय श्रोत प्रमाणित | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ४९ | व्यवसाय दर्ता/सञ्चालन नभएको/बन्द/नाम ठाउँसारी सिफारिस | ५०० | ५०० |
| ५० | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | निःशुल्क |
| ५१ | नावालक परिचय पत्र सिफारिस प्रथम पटक | निःशुल्क | निःशुल्क |
| ५२ | संरक्षक सिफारिस (व्यक्तीगत) | २०० | २०० |
| ५३ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | ५०० |
| ५४ | कोठा खोल्ने कार्य/रोहोवरमा बस्ने कार्य | ५०० | ५०० |
| ५५ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | निःशुल्क |
| ५६ | संस्था दर्ता सिफारिस | १,००० | १,००० |
| ५७ | घर बाटो सिफारिस | २५० | २५० |
| ५८ | जन्म मिति प्रमाणित | ५०० | ५०० |
| ५९ | विवाह प्रमाणित | ५०० | ५०० |
| ६० | घर पताह प्रमाणित | ५०० | ५०० |
| ६१ | सर्जमिन मुचुल्का | ५०० | ५०० |
| ६२ | हकवाला वा हकदार प्रमाणित | | २०० |
| ६३ | अविवाहित प्रमाणित | ४०० | ४०० |
| ६४ | नक्सा रेखाङ्कन कार्य | | १,००० |
| ६५ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ५०० | ५०० |
| ६६ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | २०० |
| ६७ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित/सिफारिस र प्रमाणिकरण तथा सिफारिस | २०० | ५०० |

नोटः

- आर्थिक सहायता, छात्रावृत्ति, विपन्न, विपद्, अपाङ तथा राज्यले तोकेका गम्भिर प्रकृतिका रोग सम्बन्धि सिफारिस निशुल्क गरिनेछ।
- गाउँपालिकामा दर्ता भएका व्यवसायको पान नम्बर दर्ता सिफारिस निशुल्क गरिनेछ।
- शिक्षा, स्वास्थ्य र कृषि विकास सँग सम्बन्धित सिफारिस निशुल्क गरिनेछ।

- न्यायिक समिति सम्बन्धि आपतकालिन घटनाको घटना सिफारिस निशुल्क गरिनेछ ।

## चार किल्ला प्रमाणित

| जग्गाको क्षेत्रफल | रकम रु |
|---|---|
| बाटो चार किल्ला प्रमाणित | २५० |

## घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| १ | नक्सापास निवेदन फारम दस्तुर | ५०० |
| २ | पक्का घर समेत प्रति वर्गफिट दस्तुर | |
| क. | पक्का घर प्रति वर्गफिट दस्तुर( पृथ्वी राजमार्ग र त्रिभुवन राजपथको १०० मिटर दाया बाया तथा सटर भएको घर) | १० |
| ख. | पक्का घर अन्य बाटोमा प्रति वर्गफिट दस्तुर | ५ |
| ३ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | २,००० |
| ४ | गाउँपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा(मापदण्ड अनुरुप निर्माण भएको भएमा मात्र) प्रति वर्ग फिट (अभिलेखिकरणका लागि) | |
| क | त्रिभुवन राजपथसँग जोडिएक घरको (प्रति स्क्वायर फिट) | ३ |
| ख | महादेववेशी बजार र ५०० मीटर आसपासको क्षेत्रसँग जोडिएको घर (प्रति स्क्वायर फिट) | ५ |
| ग | पृथ्वी राजमार्गसँग जोडिएको २०० मिटर दाया बाया जोडिएको घर (प्रति स्क्वायर फिट) | ५ |
| ३ | अन्य क्षेत्रमा रहेका घरको (प्रति स्क्वायर फिट) | २ |
| ५ | राजमार्ग आसपासका व्यवसायिक टहरा प्रति बर्ग फिट | ५ |
| ६ | अन्य टहरा प्रति बर्ग फिट | २ |
| ७ | घर नक्सा नामसारी (एका घर नभएमा) प्रति बर्ग फिट | २ |
| ८ | घर नक्सा नामसारी पक्की (एकाघर) | १,००० |

## अनुसूची - १५

### (दफा १६ को उपदफा (१) संग सम्वन्धित)

### बिक्रीको दर

| सामग्रीहरु | दर रु (प्रति घन फिट) | |
|---|---|---|
| | संकलन दर (रकम रु) | बिक्री दर (रकम रु) |
| ढुङ्गा, चुनढङ्गा, गिट्टी, वालुवा, स्लेट र रोडा | ३ | ६ |
| माटो तथा क्रसरको धुलो | ०.५० | २ |
| ग्राभेल | ३ | ६ |
| ईट्टा | प्रति ट्रीप<br>४ पाङग्रे<br>६ पाङग्रे<br>१० पाङग्रे माथि | २००<br>५००<br>१०५०<br> |

## अनुसूची - १६

### (दफा १७ को उपदफा (१) संग सम्वन्धित)

### दण्ड जरिवानाको दर

| क्र.सं. | कसूर | दण्ड जरिवाना (रकम रु) |
|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने ब्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | ३,००० |
| ३ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु १,००० त्यस पछि हरेक पटक दोब्बर |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ ब्यवसाय संचालन गरेमा | व्यवसायको प्रकृतिहेरी उक्त व्यवसायको वार्षिक करको दोब्बर बराबरले हुने रकम |
| ६ | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निर्माण गरे बमेजिम रु १,००,००० सम्म |